# सिस्ने गाउँपालिकामा रहेका शहिद परिवारको सम्मानका लागि सेयर खरिद कार्यविधि, २०७८

सिस्ने गाउँपालिकाको नीति तथा कार्यक्रम बमोजिम सिस्ने गाउँपालिकाका शहिद परिवारहरुको आर्थिक सुरक्षाको लागि गाउँपालिका भित्र आर्थिक उन्नतिको लागि कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नका लागि कार्यविधि आवश्यक भएकोले प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरि सिस्ने गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः** १ यस कार्यविधिको नाम सिस्ने गाउँपालिकाको शहिद परिवारको सम्मानका लागि सेयर खरिद कार्यविधि, २०७८ रहेको छ।यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) “आन्दोलन” भन्नाले संवत् २०६२/०६३ सालको जनआन्दोलन सम्झनु पर्छ।

ख) “जनयुद्ध” भन्नाले संवत् २०५२ साल फागुन १ गतेदेखी संवत् २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द सम्झनु पर्छ।

ग) “सहकारी” भन्नाले नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त स्थानिय सहकारीलाई सम्झनुपर्छ ।

घ) “मन्त्रालय” भन्नाले लुम्बिनि प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ ।

ङ) “स्थानिय तह” भन्नाले सहिद परिवारका सदस्यहरुको स्थायि ठेगाना भएको भएको गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

च) “सेयर” भन्नाले स्थानिय सहकारी संस्थाको सेयर सम्झनु पर्छ ।

छ) “परिवार” भन्नाले सहिदको परिवारको तिन पुस्ते परिवारका सदस्य सम्झनु पर्छ।

३) **सेयर खरिद गरिदिनेः** गाउँपालिकाले प्रत्येक सहिद परिवारलाई सम्मान स्वरुप एक लाख रुपैंया बराबरको सहकारीको सेयर खरिद गरि दिनेछ ।साथै सहिद परिवारको सदस्य स्वयमले समेत आफ्नो नाममा सेयर खरिद गर्न सक्नेछन्।

४) **सूचना प्रकाशन गर्नुपर्नेः** यस कार्यविधि बमोजिमको सेयर खरिद गर्नका लागि ३० दिनभित्र सम्बन्धित स्थानिय तहमा निवेदन दिन गाउँपालिकाले स्थानीय पत्रपत्रिका, एफ.एम. रेडियो र अन्य सञ्जाल र अन्य सञ्चार माध्यममा सार्वजनिक सूचना प्रकाशन र प्रसारण गर्नुपर्नेछ र त्यस्तो सूचना गाउँपालिकाको वेभसाइटमा समेत राख्नु पर्नेछ ।

५) **<u>निवेदन दिनु पर्ने:</u>** (१) सेयर खरिद प्राप्त गर्न देहायका कागजात सहित अनुसूचि १ बमोजिमको ढाँचामा दफा ४ बमोजिमको सूचनामा तोकिएको समयावधी भित्र सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछ ।

क) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

ख) सहिदको नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भए पछि सम्बन्धित स्थानीय तहले सहिद परिवारका सदस्यको विवरण सङ्कलन गरी अनुसूची-२ बमोजिम ढाँचामा राख्नु पर्नेछ।

६) **<u>निवेदकको नाममा सेयर खरिद गरिदिने:</u>** दफा ५ को उपदफा (२) बमोजिमको विवरण प्राप्त भए पछि गाउँपालिकाले निवेदकको नाममा सम्बन्धित सहकारीको सेयर खरिद गरिदिनेछ ।

७) **<u>अनुगमन गर्न सक्ने:</u>** सेयर खरिद कार्य प्रभावकारी भए नभएको सम्बन्धमा गाउँपालिकाद्वारा गठित अनुगमन समितिले अनुगमन गर्न सक्नेछ ।

९) **<u>दुरुपयोग गर्न नहुने:</u>** यस कार्यविधि बमोजिम खरिद हुने सेयर दुरुपयोग भएको अवस्थामा प्रचलित कानून बमोजिम हुनेछ ।

१०) **<u>लेखा तथा लेखापरीक्षण:</u>** स्थानीय तहले खरिद गरेको सेयरको लेखा प्रचलित कानून बमोजिम राखी लेखापरीक्षण गराउनु पर्नेछ ।

११) **<u>विवरण पेश तथा समिक्षा गर्नुपर्ने:</u>** स्थानीय तहले सेयर खरिद गरिदिने परिवारको विवरण गाउँसभामा पेश गरी समीक्षा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**अनुसूची-१**

**(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)**

**सहिद परिवारको सम्मानका लागि सेयर खरिदका लागि दिने निवेदनको ढाँचा**

| |
|---|
| **निवेदकको फोटो** |

मितिः २०७..........

श्री.......................................

विषयः सहिद परिवारका लागि सेयर खरिद गराई पाउँ ।

**सिस्ने गाउँपालिकाले जारी गरेको "सहिद परिवारको सम्मानका लागि सेयर खरिद कार्यविधि, २०७८" बमोजिम सेयर खरिद गरिदिनुहुन देहायका कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु।**

<u>संलग्न कागजातः</u>

क) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

ख) सहिद वा बेपत्ता सँगको नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि,

हस्ताक्षरः

नामः

ठेगानाः

सम्पर्क टेलिफोन नः

## अनुसूची-२

**(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>सहिद परिवारको व्यक्तिको विवरणको ढाँचा</u>**

सहिद परिवारको व्यक्तिको विवरण

<table>
<tr><th rowspan="2">क.सं.</th><th rowspan="2">सहिद व्यक्तिको नाम, थर र ठेगाना</th><th colspan="7"></th><th rowspan="2">सेयर खरिद भएको जम्मा रकम</th><th rowspan="2">सेयर खरिद गरेको सहकारी को नाम</th><th rowspan="2">सेयर खरिद गरेको मिति</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>सेयर खरिद प्राप्त गर्ने परिवार सदस्यको नाम थर र ठेगाना</th><th>जन्म मिति वि.सं.</th><th>नेपाली नागरिकताको प्रमाणपत्र नं., जारी मिति र जिल्ला</th><th>बाजेको नाम</th><th>बाबुको नाम</th><th>आमाको नाम</th><th>सहिद व्यक्ति सँगको नाता</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>